**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

United Nations
Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति - २०६७ भदौ १३**

*(बेपत्ता पारिएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस - अगस्ट ३०)*

---

# बेपत्ता पार्ने कार्यसम्बन्धी सत्यको खोजी शान्ति प्रक्रियाको केन्द्रमा रहन्छ

काठमाडौं, भदौ १३

बेपत्ता पारिएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस (अगस्ट ३०)का अवसरमा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल (उच्चायुक्तको कार्यालय-नेपाल) तीन वर्षभन्दा बढी समयदेखि थाती रहेको सर्वोच्च अदालतको २०६४ जेठ १८ गतेको अभूतपूर्व निर्णय शीघ्र कार्यान्वयन गर्न नेपाल सरकारलाई आग्रह गर्दछ। वि.सं. २०६४ जेठमा सर्वोच्च अदालतले बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिअनुरूप बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने कानुन बनाउन, जाँचबुझ आयोगसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको पालना गर्दै बेपत्ता पार्ने कार्यसम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग स्थापना गर्न, बेपत्ता पार्ने कार्यका लागि जिम्मेवार व्यक्तिहरूबारे अनुसन्धान तथा अभियोजन गर्न र पीडितहरू तथा तिनका परिवारलाई पर्याप्त क्षतिपूर्ति र राहत उपलब्ध गराउन सरकारलाई आदेश दियो।

"यस दिवसले मलाई प्रत्येक वर्ष आफ्ना प्रियजनको अवस्थाबारे सुन्न घरमा कुरेर बसेका र त्यस्तो राहत नपाएसम्म निरन्तर पीडा सहिरहेका व्यक्तिहरूको सम्झना गराउँछ," उच्चायुक्तको कार्यालय-नेपालका अफिसर इन्चार्ज एन्थोनी कार्डनले भन्नुभयो। "अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले उनीहरू एवं बेपत्ता पारिएका व्यक्तिहरूको अधिकारलाई पूर्णरूपमा प्रत्याभूत गरेको छ र यी अधिकारहरूको सम्मान र संरक्षण कुनै पनि समाजको प्राथमिकता हुनुपर्छ।"

सन् २००५ यता, नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय कार्यालयले द्वन्द्वपीडितहरूको कष्टकर वेदना र आक्रोश एवं सङ्क्रमणकालीन न्याय संयन्त्रहरूको स्थापना गर्नमा भएको विफलताले समाजमा ल्याएको परिणामलाई नजिकबाट देखेको छ। बलपूर्वक बेपत्ता पार्ने कार्य तथा अन्य मानवअधिकार र मानवीय कानुन उल्लङ्घनबाट पीडित भएकाहरूको अवस्था स्पष्ट पार्ने कुरा शान्ति प्रक्रियाको केन्द्रमा रहन्छ भन्ने कुरामा यो कार्यालय निरन्तर विश्वास गर्दछ।

"वि.सं. २०६३ मङ्सिरमा सम्पन्न ऐतिहासिक शान्ति सम्झौतामा विस्तृत शान्ति सम्झौताका दुवै पक्ष बेपत्ता पारिएकाहरूबारे सत्यको खोजी गर्ने तथा तिनका परिवारलाई जानकारी दिने कुरालाई प्राथमिकतामा राख्नमा सहमत भएका थिए भन्ने कुरा म आज सम्झन्छु। यो भएको चाँडै चार वर्ष पुग्दैछ," एन्थोनी कार्डनले भन्नुभयो, "बलपूर्वक बेपत्ता पार्ने कार्यबाट पीडित भएका र अझै पीडित रहेका महिला र पुरुषहरूबारे सत्यको खोजी गर्ने कार्यमा नेपाल सरकारलाई सहयोग गर्ने कुरा उच्चायुक्तको कार्यालय-नेपालका प्राथमिकताहरूमध्ये एक हो।"

यसबाहेक, उच्चायुक्तको कार्यालय बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षण गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई अनुमोदन गर्न सरकारसँग आग्रह गर्दछ। आजसम्म यस महासन्धिमा ८३ देशले हस्ताक्षर गर्नुका साथै १९ देशले यसलाई अनुमोदन गरेका छन्।

**For further information contact**
Chun B. Gurung, United Nations Human Rights Office in Nepal,
Tel: 4280164, Ext 320; 98510 16937 , Email: cgurung@ohchr.org OHCHR,
Website: http://nepal.ohchr.org